पूर्वखोला गाउँपालिका
Purbakhola Rural Municipality

# गाउँ कार्यपालिकाको कार्यालय
# Office of the Rural Municipal Executive

पूर्वखोला, पाल्पा
Purbakhola, Palpa
५ नं. प्रदेश, नेपाल
5 No. Province, Nepal

पत्र संख्या/Letter No. : २०७७/०७८
चलानी नं./Ref. No. : ०६ (कृ.)

मिति :२०७७/०५/१९

श्री जो जस संग सम्वन्धित छ।

**विषय :प्रोटेक्टेड हर्टिकल्चर प्रवर्द्धन कार्यक्रम(हाइटेक मात्र)**

प्रस्तुत विषयमा कृषि विकास निर्देशनालयको आ.व. २०७७/०७८ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार प्रोटेक्टेड हर्टिकल्चर प्रबर्द्धन कार्यक्रमको प्रथम पटक प्रकाशित मिति :२०७७/०५/१८ गते को प्रस्ताव आव्हानको सूचना अनुसार उल्लेखित न्यूनतम मापदण्ड भएका उच्च मूल्यमा जाने तरकारी उत्पादक कृषक/कृषक समूह/सहकारी/फार्महरुलाई सूचना प्रकाशन भएको मितिले ३० दिन भित्र आवश्यक कागजात सहित कृषि ज्ञान केन्द्र तानसेन,पाल्पामा प्रस्ताव पेश गर्नुहुन जानकारीका लागि अनुरोध गर्दछौ ।

तयार गर्ने:
सन्तोष कंडेल
कृषि शाखा प्रमुख
कृषि शाखा प्रमुख

स्वीकृत गर्ने:
ज्ञानु प्रसाद पनेरु
प्रमुख प्रशासकीय अधिकृत

**(नोट :थप जानकारीका लागि कृषि शाखा फोन नं. ९८६७५५०९३० मा सम्पर्क गर्नु हुन अनुरोध छ ।)**

प्रदेश सरकार

प्रदेश नं. ५

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

# कृषि विकास निर्देशनालय

रुपन्देही, नेपाल

## प्रस्ताव आव्हानको सूचना

प्रथम पटक प्रकाशित मितिः २०७७।५।१८ गते

यस निर्देशनालयको आर्थिक वर्ष २०७७/०७८ को स्वीकृत कार्यक्रम अन्तर्गत तपशिल वमोजिमका कार्यक्रमहरुमा सहभागी हुन इच्छुक यस प्रदेशभित्रका आवेदकहरुका लागि सूचना प्रकाशित भएको मितिले ३० दिनभित्र तोकिए बमोजिमका आवश्यक कागजातहरु संलग्न गरी शिलबन्दी प्रस्ताव कृषि विकास निर्देशनालय, बुटवल तथा सम्बन्धित कृषि ज्ञान केन्द्रहरु, नवलपरासी, पाल्पा, अर्घाखाची, कपिलवस्तु, दाङ्ग, बाके, रोल्पा वा एकिकृत कृषि तथा पशुपन्छी विकास कार्यालयहरु, प्युठान, बर्दिया र पूर्वि रुकुममा पेश गर्न यो सूचना आह्वान गरिएको छ। साथै रित नपुगेका वा म्याद नाघी आएका प्रस्तावहरुलाई छनौट प्रक्रियामा समावेश गरिने छैन।

तपसिल

| क्र. सं. | कार्यक्रमको नाम | स्वीकृत बजेट (रु. लाखमा) | संलग्न गर्नुपर्ने आवश्यक कागजातहरु | न्यूनतम मापदण्ड तथा पालना गर्नु पर्ने शर्तहरु | अनुदान उपलब्ध गराउने कृयाकलाप र अनुदानको सिमा | आवेदकको किसिम |
|---|---|---|---|---|---|---|
| १ | प्रोटेक्टेड हर्टिकल्चर प्रवर्द्धन कार्यक्रम हाइटेक मात्र | १०० | प्रोटेक्टेड हर्टिकल्चर प्रवर्द्धन कार्यक्रम सञ्चालन कार्यविधि, २०७६ को अनुसूची-१ वमोजिमका कागजातहरु। | प्रोटेक्टेड हर्टिकल्चर प्रवर्द्धन कार्यक्रम सञ्चालन कार्यविधि, २०७६ को दफा ५ वमोजिम। | ● प्रति अनुदानग्राही एक वटा संरचना<br>● न्युनतम ३९५६ वर्गमिटर वा सो भन्दा बढि क्षेत्रफलको एग्रीनेट हाउस (थोपा सिंचाई र प्लाष्टिक मल्च सहित) निर्माणका लागि अधिकतम रु. २०,७६,९००।- वा न्यूनतम १००८ वर्गमिटर वा सो भन्दा बढि क्षेत्रफलको नेचुरल्ली भेण्टिलेटेड पोलिहाउस (थोपा सिंचाई र प्लाष्टिक मल्च सहित) निर्माणका लागि बढिमा रु. १४,६१,६००।- वा कुल लागतको बढिमा ५० प्रतिशत मध्ये कम हुन आउने रकम अनुदान दिइने। | कृषक समूह, कृषि सहकारी, निजी कृषि कम्पनी र निजी कृषि फार्म। |

नोटः माथि उल्लेखित कार्यविधिहरु, विस्तृत सूचना तथा आवेदनका नमूना फर्मेटहरु यस निर्देशनालय तथा भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको वेबसाइट doad.p5.gov.np तथा molmac.p5.gov.np बाट डाउनलोड गरी हेर्न सकिनेछ। साथै थप जानकारीको लागि यस निर्देशनालयको सम्पर्क नं ०७१-४२०५४३/४२००१२ तथा सम्बन्धित कृषि ज्ञान केन्द्रमा सम्पर्क गर्न सकिनेछ।

कृषि शाखा प्रमुख

प्रदेश सरकार
प्रदेश नं. ५
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

# कृषि विकास निर्देशनालय

रुपन्देही, नेपाल

## प्रस्ताव आह्वानको सूचना

प्रथम पटक प्रकाशित मितिः २०७७/०५/१७ गते

यस निर्देशनालयको आर्थिक वर्ष २०७७/०७८ को स्वीकृत कार्यक्रम अन्तर्गत प्रोटेक्टेड हर्टिकल्चर प्रवर्द्धन कार्यक्रम हाइटेक मात्रमा सहभागी भई उच्च मूल्यमा जाने तरकारी तथा पुष्प उत्पादन गर्नका लागि यस प्रदेश भित्रका इच्छुक आवेदकहरुका लागि तोकिए बमोजिमका आवश्यक कागजातहरु संलग्न गरी शिलबन्दी प्रस्ताव पेश गर्न यो सूचना आह्वान गरिएको छ। साथै रित नपुगेका वा म्याद नाघी आएका प्रस्तावहरुलाई छनौट प्रक्रियामा समावेश गरिने छैन।

तपसिलः

१. कार्यक्रमको नामः प्रोटेक्टेड हर्टिकल्चर प्रवर्द्धन कार्यक्रम हाइटेक मात्र

२. स्वीकृत बजेटः १ करोड।

३. सञ्चालन प्रक्रियाः प्रोटेक्टेड हर्टिकल्चर प्रवर्द्धन कार्यक्रम सञ्चालन कार्यविधि, २०७६ बमोजिम सञ्चालन हुने।

४. संलग्न गर्नुपर्ने आवश्यक कागजातहरुः

१. रु. १० को टिकट टाँसेको निवेदन
२. नेपाली नागरिकताको प्रतिलिपि
३. दर्ता, नवीकरण, कर चुक्ता, स्थायी लेखा नम्बर प्रमाण-पत्र तथा लेखा परीक्षण प्रतिवेदनको प्रतिलिपि
४. जग्गाको जग्गा धनि प्रमाण-पूर्जाको प्रतिलिपि (आवेदकको नाममा भए पनि वा भाडामा लिएको भएपनि)
५. जग्गा भाडामा लिएको भए करार/सम्झौता-पत्र
६. आवेदकको प्रवन्ध-पत्र वा विनिमयावलीको छाँयाप्रति
७. कृषक समूह/कृषि सहकारीको हकमा प्रस्ताव पेश गर्ने र जिम्मेवार व्यक्ति तोक्ने निर्णयको छाँयाप्रती
८. संरचनाको डिजाइन तथा लेआउट एवं आपूर्तिकर्ताको कोटेशन/इष्टिमेट (एग्री नेटहाउस र नेचुरल्ली भेन्टीलेटेड पोलिहाउसको हकमा)
९. आवेदकसँग रहेको लगानीका श्रोतहरुको आधार (वित्तीय संस्थामा मौज्दात वा वित्तीय संस्थाको प्रतिवद्धता/ग्यारेन्टी पत्र वा अन्य भरपर्दो विवरण)
१०. प्रस्तावित संरक्षित संरचना स्थानीय तहको प्राथमिकतामा रहेको भनी सम्बन्धित स्थानीय तह वा स्थानीय तहको कृषि शाखाले दिएको सिफारिस पत्र
११. अनुसूची-२ अनुसारको व्यावसायिक योजना
१२. अनुसूची-३ बमोजिमको प्रतिवद्धता-पत्र र समान प्रयोजनको लागि कुनैपनि श्रोतबाट अनुदान नलिएको स्वघोषणा

५. आवेदकको न्यूनतम मापदण्ड तथा पालना गर्नु पर्ने शर्तहरुः

(क) आवेदकले गत आर्थिक वर्ष सम्म दर्ता भई स्थायी लेखा नम्बर लिएको, नियमितरुपमा लेखा परीक्षण गराएको र नियमानुसार कर चुक्ता गरेको हुनु पर्नेछ।

(ख) कृषक समूहको हकमा गत आर्थिक वर्षसम्ममा दर्ता भएको र स्थायी लेखा नम्बर लिएको हुनु पर्नेछ।

(ग) नेचुरल्ली भेण्टिलेटेड पोलिहाउस तथा एग्रीनेट हाउस निर्माणको हकमा आवेदकको आफ्नै स्वामित्वमा पर्याप्त जग्गा भएको वा कम्तिमा १५ वर्षको लागि भाडामा लिएको हुनु पर्नेछ।

(घ) प्लाष्टिक घर/टनेल निर्माणको हकमा आवेदकको आफ्नै स्वामित्वमा प्रर्याप्त जग्गा भएको वा कम्तिमा ५ वर्षको लागि भाडामा लिएको हुनु पर्नेछ।

कृषि शाखा प्रमुख